म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९० बुधबार, ७ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 19 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सप्ताह ज्ञानमहायज्ञको सम्पूर्ण तयारी पूरा

हेटौंडा, ६ फागुन/हेटौंडा-६ शान्तिटोलमा रहेको शान्तिटोल टोल विकास संस्थाले फागुन ७ गतेदेखि सुरु गर्न लागेको श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञको सम्पूर्ण तयारी पूरा भएको छ । संस्थाले पत्राचार, प्रचारप्रसार, टेन्ट निर्माण लगायत काम सम्पन्न गर्नुका साथै महायज्ञमा सहभागी हुन सबैलाई अनुरोध समेत गरेको हो । विपी गणेशमान स्मृतिपार्कमा राधाकृष्णको मन्दिर निर्माण र ज्येष्ठनागरिक भवन निर्माण गर्नको लागि महायज्ञ लगाउन लागिएको कोषाध्यक्ष पूर्णभद्र चौलागाईले बताए । फागुन ७ गते विहान ७ बजे बंशगोपाल मन्दिरबाट कलशयात्रा गरिने आयोजकले जनाएको छ । महायज्ञको उदघाटन नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले गर्ने कार्यक्रम रहेको छ । महायज्ञ सफल बनाउन टोल विकास संस्थाका अध्यक्ष केशव धितालको संयोजकत्वमा १ सय ९५ सदस्यीय मूलआयोजक समित गठन गरिएको छ ।

# आर्थिक गतिविधि चलायमान बनाउन सरकार प्रतिबद्ध : गृहमन्त्री लेखक

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ गृहमन्त्री रमेश लेखकले आर्थिक गतिविधिलाई चलायमान बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

मंगलबारदेखि हेटौंडामा सुरु भएको दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ लाई उद्घाटन गर्दै गृहमन्त्री लेखकले निजीक्षेत्रलाई पनि समाहित गर्दै देशमा लगानीमैत्री वातावरण निर्माण गर्न सरकार लागि परेको बताए । गृहमन्त्री लेखकले निजीक्षेत्रलाई व्यावसायिक वातावरणको सुनिश्चित गर्नको लागि नै अध्यादेश ल्याइएको स्पष्ट पारे । उद्योगी, व्यवसायीको मागअनुसार नै अध्यादेश आएको उनको भनाई छ ।

'संघीय संसद्बाट अध्यादेश स्वीकृत हुन जरुरी छ, अध्यादेश स्वीकृति भएपछि आवश्यक नियमावली, कानुनहरु बनाएर व्यावसायिक वातावरणलाई सुनिश्चित रुपमा अगाडि बढाउन चाहन्छौँ' गृहमन्त्री लेखकले भने । उनले समृद्धि र सुशासनको यात्रामा मुलुकलाई अगाडि बढाउन वर्तमान सत्ता समीकरण बनेको जिकिर गरे । संविधानको रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप सुदृढ गर्नु सरकारको प्रमुख उद्देश्य रहेको उनको भनाई छ ।



त्यसैगरी गृहमन्त्री लेखकले वर्तमान सरकार गठन भएपश्चात् निर्माण व्यवसायीको भुक्तानी दिने प्रक्रिया सुरु भइरहेको बताए । निर्माण व्यवसायीलाई आफ्नो काममा लगनशील भएर लाग्न आग्रह गर्दै उनले ढिलै भएपनि बाँकी रहेको भुक्तानी दिन सरकार प्रतिबद्ध रहेको दाबी गरे । निर्माण व्यवसायी माथि हुने अवाञ्छित गतिविधि रोक्न सरकारले सुरक्षाको प्रबन्ध गर्ने उनले उल्लेख गरे । गृहमन्त्री लेखकले निर्माण व्यवसायीले जिम्मा लिएको काम गुणस्तरीय र समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

### दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव सुरु

हेटौंडामा दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव आज मंगलबारदेखि २०८१ सुरु भएको छ । गृहमन्त्री रमेश लेखकले महोत्सवको उद्घाटन गरेका हुन् । निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा हेटौंडा-१० स्थित टिसिएनचौरमा आयोजित महोत्सव फागुन १८ गतेसम्म चल्नेछ ।

महोत्सवमा निर्माणको क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीको प्रदर्शनी तथा बिक्री गरिने मुख्य उद्देश्य रहेको निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले जानकारी दिए । महोत्सव अवधिभर निर्माण उद्योग क्षेत्रमा रहेको समस्या, चुनौती, अवसरबारे छलफल, गोष्ठीलगायत अन्तर्क्रियात्मक कार्यक्रमसमेत हुने उनको भनाइ छ ।

संघको अहिले रहेको भवन जीर्ण भएपछि नयाँ भवन बनाउने उद्देश्य लिएर संघले महोत्सवको आयोजना गरेको उनको भनाई छ । निर्माण व्यवसायीले सम्पन्न भइसकेकाका कामको भुक्तानी समयमै नपाउँदा आफूहरु समस्यामा परेको अध्यक्ष कँडेलले बताए । निर्माणमैत्री कानुन बन्न नसक्नु अहिलेको प्रमुख चुनौती रहेको उनको भनाई छ ।

महोत्सवमा निर्माण व्यवसायी, दर्शक, उपभोक्ताका राय, सल्लाह, सुझावसमेत संकलन गरिने अध्यक्ष कँडेलले जानकारी दिएका छन् । उनका अनुसार महोत्सवमा निर्माण उपकरण, निर्माण सामग्री, औद्योगिक उत्पादन, स्थानीय उत्पादन, हस्तकला सामग्रीलगायत तीन सय भन्दा बढी स्टल रहेका छन् ।

महोत्सवमा हेटौंडा आइडल प्रतियोगिताका साथै प्रत्येक दिन राष्ट्रिय एवंम् स्थानीय कलाकारको सांगीतिक तथा सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । हेटौंडा आइडलमा प्रारम्भिक छनोटबाट १६ प्रतिस्पर्धी छनोट भइसकेका छन् ।

महोत्सवको प्रवेश शुल्क ७५ रुपैयाँ र विद्यार्थीको लागि ५० रुपैयाँ तोकिएको आयोजकले जनाएको छ । यसअघि २०७१ सालमा पहिलोपटक महोत्सव गरेको संघले १० वर्षपछि दोस्रोपटक महोत्सव गरेको हो । महोत्सवबाट १ करोड भन्दा माथि आम्दानी हुने आंकलन आयोजकले गरेको छ ।

# सवारी दुर्घटनाबाट मासिक २ सय जनाको निधन




साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/चालु आर्थिक वर्षको छ महिनामा सवारी दुर्घटनामा परेर एक हजार दुई सय ३३ जनाको निधन भएको छ । लापराहीपूर्वक सवारीसाधन चलाएको तथा ट्राफिक नियमको पूर्ण परिपालनामा ध्यान नदिएका कारण दुर्घटनामा ज्यान जानेको संख्या गत आवको सोही अवधिको तुलनामा वृद्धि भएको हो ।

गृह मन्त्रालयका अनुसार वि.सं २०८० को पुस मसान्तसम्म देशभर १२ हजार आठ सय ५६ सवारी दुर्घटनामा एक हजार एक सय ४९ जनाको ज्यान गएको थियो । यस वर्षको पुस मसान्तसम्म ११ हजार तीन सय ३८ सवारी दुर्घटना हुँदा एक हजार दुई सय ३३ जनाको ज्यान गएको छ । गत वर्षको छ महिनाको तुलनामा यस वर्षको छ महिनामा सवारी दुर्घटनाको संख्या घटेपनि मृत्यु हुनेको संख्यामा वृद्धि भएको हो । गत मङ्सिरको तुलनामा पुसमा सवारी दुर्घटना बढेपनि मृत्यु हुनेको संख्या घटेको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जानकारी दिए ।

मन्त्रालयका अनुसार गत साउनमा एक हजार छ सय २८ सवारी दुर्घटनामा एक सय ५२, भदौमा एक हजार छ सय १९ दुर्घटनामा एक सय ७४ जनाको अकालमा ज्यान गएको थियो । गत असोजमा एक हजार आठ सय ७३ सवारी दुर्घटनामा दुई सय, कात्तिकमा एक हजार नौ सय २८ दुर्घटनामा परी दुई सय ५८ जनाको निधन भएको विवरण छ ।

अघिल्लो गत मङ्सिरमा दुई हजार १४ सवारी दुर्घटनामा परी दुई सय ५२ र पुसमा सबैभन्दा बढी दुई हजार दुई सय ७६ दुर्घटनामा परेर एक सय ९७ जनाको निधन भएको छ ।

मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार गण्डकी, काठमाडौं उपत्यका र कर्णालीमा दुर्घटनाको संख्या घटे पनि मृत्यु हुनेको संख्यामा बढोत्तरी भएको छ । मधेस प्रदेश र बागमती (काठमाडौं उपत्यका) बाहेकमा दुर्घटनाको संख्या बढे पनि मृत्यु हुनेको संख्या घटेको छ ।

# थ्रीस्टार सेमिफाइनलमा, हिमालयन शेर्पा बाहिरियो



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा थ्रीस्टार क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

मंगलबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको दोस्रो क्वाटरफाइनल खेलमा हिमालयन शेर्पा क्लबलाई ४-० गोलअन्तरले हराउँदै थ्रीस्टारले अन्तिम ४ मा स्थान सुरक्षित गरेको हो । थ्रीस्टारको जीतमा सुशील राईले खेलको तेस्रो मिनेटमा, नवीन लामाले १७ औं मिनेटमा, विदेशी खेलाडी फोफनाले २४ औं र ३९ औं मिनेटमा अर्का विदेशी खेलाडी एलेक्सले गोल गरे । खेलको म्यान अफ द म्याच लामा घोषित भए ।

उनले १० हजार रुपैयाँ प्राप्त गरे । सबै गोल खेलको पहिलो हाफमा भएको हो । पहिलो हाफ आफूलाई सम्हाल्न नसक्दा ४ गोल खान पुगेका हिमालयन शेर्पा प्रतियोगिताबाट बाहिरिएको छ । आगामी फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैयाँ सहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

# ५० जनाको विपद् प्रतिकार्य द्रुत टोली बनाउँदै एमाले मकवानपुर

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ नेकपा एमाले मकवानपुरले विपद्को समयमा नागरिकको सुरक्षाका लागि खटिन विपद् प्रतिकार्य द्रुत टोली निर्माण गर्ने भएको छ ।

एमाले मकवानपुरको जिल्ला विपद् व्यवस्थापन तथा स्वयंमसेवक विभाग र वन तथा वातावरण विभागको मंगलबार पार्टी कार्यालयमा बसेको संयुक्त बैठकले जिल्लास्तरीय विपद् प्रतिकार्य द्रुत टोली (स्वंमसेवक दस्ता) बनाउने निर्णय गरेको हो ।

विपद् विभागका प्रमुख शिवहरि दाहालको सभाध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर पार्टी इञ्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यता, पार्टी जिल्ला सचिव सिता विष्ट, जनसंगठन समन्वय संयन्त्र जिल्ला सहसंयोजक मिलन पाठक, पार्टी जिल्ला सदस्य आकाश अधिकारी, दिलमाया घर्तीलगायतको आतिथ्यतामा बसेको बैठकले ५० जनाको जिल्लास्तरको द्रुत टोली बनाउने निर्णय गरेको हो ।

बैठकले जिल्लाका १० वटै स्थानीय तहमा पालिकास्तरको विपद् प्रतिकार्य टोली बनाउने योजना पनि बनाएको छ ।



विभाग प्रमुख दाहालकाअनुसार जिल्लास्तरको र गाउँगाउँमा निर्माण गरिने प्रतिकार्य टोलीले विपद्को पूर्वानुमान गरेर पूर्वतयारी वा विपद्ले समस्या बनाएको स्थानमा पुगेर नागरिकको जीवन रक्षा र भौतिक संरचनाको सुरक्षाको दृष्टिकोणले काम गर्नेछ । विपद् प्रतिकार्य टोली निर्माणका लागि विभागले विपद् प्रतिकार्य सम्बन्धी तालिम गर्दैछ ।

'हरेक पालिकामा एमालेले विपद् प्रतिकार्य टोली बनाउनेछ । जिल्लाको टोली भन्दा गाउँको टोली प्रभावित क्षेत्रमा तत्काल पुग्ने भएकाले गाउँगाउँमै विपद् प्रतिकार्यको लागि समूह तयार बनाउन लागिएको हो ।' विभाग प्रमुख दाहालले भने, 'एमाले मकवानपुर नागरिकको सुरक्षामा संवेदनशील भएर अघि बढेको छ ।'

यसैगरी, पार्टीको वन तथा वातावरण विभागले डढेलो नियन्त्रण, अग्निरेखा निर्माण सम्बन्धी सचेतना अभिवृद्धिका लागि समुदायस्तरमा तालिम दिइने भएको छ । विभागले सामुदायिक वन, टोल विकास संस्था, विद्यालय, गैरसरकारी क्षेत्र, सरकारी निकाय र स्थानीयस्तरमा युवा क्लबहरुलाई सचेतनामूलक तालिम प्रदान गरिने विभाग प्रमुख पञ्चमाया स्याङ्तानले बताइन् ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"
शोभायात्राः
मिति :२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# जेथा बेच्दै हेटौंडा सिमेन्ट

जायजेथा बेचेर उद्योग चलाउने गलत अभ्यास गर्दै हेटौंडा सिमेन्ट उद्योग अगाडि बढेको छ । हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री गरेको हो । उद्योगको सम्पत्ति नै बिक्री गरेर उद्योग चलाउन कति सहज होला ? अहिले रोपवे बेच्ने । अवको केही वर्षपछि अरु जायजेथा बेच्ने ? यसरी पनि सरकारी स्वामित्वको उद्योग चल्छ त ? हेटौंडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोप-वे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पिएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख रुपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ । रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता भएको उद्योगले जानकारी दिएको छ ।

उद्योगले भीमफेदी गाउँपालिकाको भैँसेखानीदेखि उद्योगसम्म ११ किलोमिटर रोप-वेको सिस्टमसँग जोडिएका रोप-वेका टावर, तार र बकेटलगायत फलामजन्य सामान बिक्री गरिएको भनाइ छ । लामो समयदेखि बन्द रहेको रोप-वे पुन: प्रयोगमा ल्याउन सक्ने अवस्था नभएपछि बिक्री गरिएको उद्योगले जनाएको छ । १० करोड रुपैयाँमा जडान गरिएको रोप-वे बिक्री गर्दा करिव साढे चार करोड रुपैयाँ मात्र आम्दानी भएको हो । तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नु पर्ने सहमतिअनुसार उद्योगले पहिलो किस्ताबापतको एक करोड ४२ लाख ६८ हजार ६ सय ९४ रुपैयाँ प्राप्त गरि सकेको छ । रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिनाभित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नु पर्ने सहमति भएको छ । रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको उद्योगले जानकारी दिएको हो । लामो समयदेखि बन्द भएर प्रयोगमा नआएकाले रोप-वे बिक्री गरेको र बन्द अवस्थामा रहेको रोप-वेको टावर, तार र बकेट गरी करिब १५ सय मेट्रिकटन फलाम रहेको अनुमान गरिएको छ । वर्षौंदेखि सञ्चालन हुन नसकेको रोप-वेका कारण मानवबस्ती र विद्यालयका लागि जोखिम बनेर बसेको थियो । उद्योगको रोप-वे का डब्बाहरु हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैँसे खानीसम्म तारमा झुन्डिरहेको अवस्थामा रहेको देख्न सकिन्छ । बेवारिसे अवस्थामा झुन्डिएका रोप-वेका डिब्बाले मानवबस्ती नै जोखिममा पारेको थियो । हेटौंडा सिमेन्ट उद्योगले खानीक्षेत्रबाट चुनढुंगा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको थियो ।

उद्योगले २०४२ सालबाट भैँसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याइएको हो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेको थियो । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी रहेको छ । विगतमा यातायातका साधनको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुंगा ओसार्नको लागि रोप-वे को प्रयोग भएको थियो । तर, पछिल्लो चरण यातायातको साधनको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वेबाट चुनढुंगा ल्याउन बन्द गरेको हो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको उद्योगले जनाएको छ । रोप-वे मा झुन्डिएका कतिपय डिब्बामा अझै पनि चुनढुंगा लोर्ड गरिएको अवस्थामा रहेको छ । २०६० सालमा आएको बाढीपहिरोले भैँसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भएको थियो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुऱ्याएपछि पूर्णरुपमा बन्द भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ८ गते बिहीबार २० फेब्रुअरी २०२५ । सप्तमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:५८ । सामाजिक न्याय दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# मिचाहा प्रजाति : बेफाइदा ज्यादा



✍ तुलसा चौधरी

हामीले कहिल्यै सोचेका थियौं- बगैंचा सजाउन अन्यत्रबाट ल्याइएको एउटा सामान्य वनस्पति कुनै दिन यति भयावह रुपमा फैलेला ? आफ्नो सोख पूरा गर्न ल्याइएको वनस्पति यहाँका रैथाने वनस्पति, पर्यावरण र सम्पूर्ण प्रकृतिमाथि नै खतरा बन्ला ? मलाई लाग्छ, मानिसले त्यति परसम्म सोच्दैन । जसको कारण प्रकृतिले प्रत्येक जीवहरुलाई दिएको उत्पत्ति र फैलावटको सिमानाभन्दा पर जीवजन्तु र वनस्पतिको ओसार पसार मानव सभ्यताको अभिन्न अंग बनेको छ । तर मानिस लगायत सम्पूर्ण जनावर तथा बोट-बिरुवा सबैको आ-आफ्नो प्राकृतिक वितरणको दायरा हुन्छ ।

यसको अर्थ जुन ठाउँको वातावरणमा हुर्कन सक्ने अनुकूलन क्षमता प्रजातिले हासिल गर्छन्, त्यस्ता प्रजातिहरु उक्त स्थानमा प्राकृतिक रुपमै उत्पति हुन्छन् वा त्यहाँको वातावरण अनुकूल आफूलाई बदल्दै जान्छन् र स्थापित हुन्छन् । त्यसैले उत्पत्तिस्थलमा प्रजाति रैथाने हुन्छ र त्यसभन्दा अन्यत्र गएपछि वाह्य प्रजाति बन्दछ । उदाहरणको लागि सिस्नु, ऐंसेलु जस्ता वनस्पतिको प्राकृतिक वितरणको दायरा एसिया महादेशलाई मानिन्छ । जुन हाम्रा रैथाने प्रजाति हुन् । तर कालो वनमारा, निलो गन्धे जस्ता वनस्पतिको उद्भव दक्षिण अमेरिकालाई मानिन्छ । त्यसैले कालो वनमारा, निलो गन्धे जस्ता वनस्पतिहरु हाम्रा लागि वाह्य प्रजाति हुन् ।

तर, अहिलेको विश्वव्यापीकरणको समयमा एक ठाउँको मान्छे अर्को ठाउँ पुग्ने र आफूसँगै विभिन्न वस्तुहरु ओसारपसार गर्ने हुँदा थुप्रै बोट-बिरुवा तथा जनावरहरु हामीसँगै चाहेर होस् या नचाहेर उनीहरुको उत्पति स्थानभन्दा बाहिर ल्याइए र कालान्तरमा उक्त प्रजाति वाह्य वातावरणमा पनि स्थापित हुन सफल भए । जुन कुरा प्राकृतिक हिसाबले छोटो समयमै हुन असम्भवप्राय: छ । जब अन्यत्रबाट ल्याइएका बाह्य प्रजातिहरु अन्य प्रजातिका लागि हानिकारक बन्छन्, तिनलाई वाह्य मिचाहा प्रजाति भनिन्छ । जस्तै: आलु हाम्रो रैथाने वनस्पति नभएर वाह्य प्रजाति हो । तर त्यसले परिस्थितिकीय प्रणालीमा नकारात्मक असर पार्दैन । निलो गन्धे पनि वाह्य प्रजाति नै हो तर त्यसले पारिस्थितिकीय प्रणालीमा नकारात्मक असर पार्छ । त्यसैले निलो गन्धे वाह्य मिचाहा प्रजाति हो ।

वाह्य मिचाहा प्रजाति स्वभावत: उग्र हुन्छन्, यिनीहरुको नयाँ ठाउँमा स्थापित हुने र प्रजनन क्षमता बढी हुन्छ । त्यस कारण रैथाने प्रजातिमाथि तत्काल हावी हुन्छन् । त्यस्ता प्रजातिहरु ज्यादातर फैलिएर हाम्रो जैविक विविधता, परिस्थितिकीय प्रणाली र मानव स्वास्थ्य तथा सेवा-सुविधाहरुमा समेत गम्भीर प्रभाव पार्छन् । जसका कारण विश्वलाई नै वार्षिक लाखौंको आर्थिक तथा वातावरणीय क्षति व्यहोर्न परिरहेको छ । वाह्य मिचाहा प्रजातिहरु नेपालमा मात्र होइन, विश्वभरि नै जैविक विविधता, कृषि र अर्थतन्त्रको लागि समस्याको सूचीमा अग्रपंक्तिमा पर्छन् । विश्वभर रैथाने जैविक विविधता ह्रास वा नाश हुनुको दोस्रो मुख्य कारणको रुपमा वाह्य मिचाहा प्रजातिहरूलाई मानिन्छ । त्यसैले दिगो विकासका लागि मिचाहा प्रजातिको रोकथाम र व्यवस्थापन अपरिहार्य छ, जुन कुरा संयुक्त राष्ट्र संघको जैविक विविधता महासन्धिका लक्ष्यहरुमा पनि समावेश गरिएको छ ।

वाह्य मिचाहा प्रजातिहरु वातावरणीय रुपमा मात्रै होइन, आर्थिक तथा सामाजिक सबै हिसाबले हाम्रा लागि अनुपयोगी छन् । तर भनिन्छ, संसारका हरेक वनस्पतिको केही न केही उपयोग भने छ । त्यसैले, नेपालमा भित्रिएका केही मिचाहा प्रजातिको थोरैतिनो फाइदा स्थानीयले लिएको पाइन्छ । जसको कारण यी वनस्पतिहरु प्राकृतिक स्रोतका रुपमा स्थापित भइरहेका छन् र स्थानीयहरुले त्यसलाई सघाइरहेका छन् । जस्तै: दक्षिण अमेरिकाको रैथाने वनस्पति कालो वनमारा, जुन सन् १९२४ तिर शोभनीय बिरुवाको रुपमा भारत हुँदै सन् १९५० को दशकतिर भारतबाटै नेपाल भित्रिएको मानिन्छ । उक्त वनस्पति पूर्वी नेपालका पहाडी भेगहरुमा बाख्राको लागि हिउँदे घाँस तथा सोत्तरको रुपमा प्रयोग गरिन्छ ।

पाँचथर जिल्लामा स्थलगत अध्ययनका क्रममा एकजना स्थानीयले हामीसँग कालो बनमारा आफ्नो बुंगुर पालनको मुख्य आधार (सोत्तर) भएको कुरा बताउनुभएको थियो । उहाँले हामी त्यसैको अध्ययन टोली भन्ने थाहा पाएर त्यसलाई नहटाइदिन आग्रह गर्नुभएको थियो । त्यसैगरी कोशीटप्पु वन्यजन्तु आरक्ष छेउछाउका वस्तीहरुमा त विश्वकै अति हानिकारक लहरे बनमारा र सेतो बनमारालाई गाईवस्तुको हिउँदे आहाराको रुपमा प्रयोग गर्ने गरेको पनि भेटियो । कोशी बगरमा घाँस काट्दै गरेकी रमिला देवीले (नाम बदलिएको) भन्नुभएको कुरा अझै सम्झना छ, 'चिसोमा अरु घाँस सुक्छ तर वनमारा सजिलै पाउन सकिन्छ, अनि जंगली जनावरको डर र आरक्षको निषेधका कारण जंगल भित्र पस्न सकिँदैन । त्यसैले बनमारा काटेर नै गाई-बाख्रा पाल्छौं ।' त्यस्तै, धेरै ठाउँमा वनमारालाई काटेको घाउ निको पार्न पनि प्रयोग गर्ने गरिएको भेटिन्छ ।

यसैगरी कतिपय ठाउँमा त विश्वकै अति खराब १०० मिचाहा प्रजातिको सूचीमा पर्ने काँडे वनमारा अनि जलकुम्भी समेतलाई शोभनीय बिरुवाको रुपमा बगैंचामै रोपेको अनि कतिपय नर्सरीले उक्त बिरुवा बिक्री-वितरण गर्ने गरेको पनि पाइन्छ । यति मात्र नभएर चितवन राष्ट्रिय निकुन्जभित्र पर्ने बीसहजारी ताल र तराईका धेरै सिमसार क्षेत्रहरुमा जलकुम्भी फुलेपछि त्यसको सौन्दर्यको मजा लिने, फोटो खिच्ने अनि टिकटक बनाउनेको भिड पनि देख्न सकिन्छ । र, टिकटक बनाउनेहरुले उक्त बिरुवालाई आफैँले सार्नको लागि लैजाने गरेको पनि पाइन्छ । त्यसैले वाह्य मिचाहा प्रजातिका सीमित फाइदालाई हेरेर स्थानीय मात्रै होइन, नीति-निर्माताहरु समेत यसलाई उपयोग गर्नुपर्ने कुराको वकालत गर्छन् ।

विज्ञानले मिचाहा प्रजातिको नकारात्मक पक्षलाई मात्र जोड दिन्छ भन्ने आरोप पनि लाग्दै आएको छ । तर स्थापित तथ्य के हो भने, यसको फाइदाको तुलनामा बेफाइदा ज्यादा छ । हामी बिस्तारै मिचाहा प्रजातिसँग अनुकूलन हुँदै गरेको भए पनि (औषधिको रुपमा, सोत्तर र घाँसको रुपमा प्रयोग गर्ने गरेर) हाम्रो पारिस्थितिकीय प्रणाली भने अनुकूलन भइरहेको छैन । मिचाहा प्रजातिले गर्दा जंगलको पुनरुत्पादन क्षमतामा गिरावट आएको छ । उदाहरणको लागि, काँडे वनमाराको झ्याँग्मुनि रैथाने प्रजातिका बिरुवाको पुनरुत्पादन देखिँदैन वा एकदमै न्यून हुन्छ । यसले भोलिका दिनमा पाका रुखहरु सुकेर गए भने ती प्रजातिका रुख नै लोप हुने अवस्था आउन सक्छ । अन्तत: हाम्रा वनहरू हरियो मरुभूमिमा (देख्दा हरियो तर काम लाग्ने केही नभएको) परिणत हुने खतरा बढेर गएको छ ।

मिचाहा प्रजातिले गर्दा नै आगलागीको प्राकृतिक दर र मात्रामा परिवर्तन आएको छ । कृषि क्षेत्रमा लागत बढेसँगै उत्पादन घटेको छ । साथै तालतलैया, घाँसे मैदानहरु मिचाहा प्रजातिको अतिक्रमणमा परी यसले प्रदान गर्ने सेवा-सुविधामा कमी आएको छ । त्यस कारण मिचाहा प्रजातिको नाफाको बारेमा सोच्दा घाटाबारे पनि मनन गर्न जरुरी छ । अस्ट्रेलियाको रैथाने प्रजाति मसलाले मिचाहा बनेर दक्षिण अफ्रिकाका धेरै देशको स्थानीय जैविक विविधतालाई असर पारि रहेका थुप्रै तथ्यहरु पढ्न पाइन्छ । हाम्रो देशमा पनि त्यहाँबाटै भित्र्याइएको मसलालाई चाँडै बढ्ने काठको रुपमा रोप्ने व्यापक प्रचलन छ । खुसीको कुरा, नेपालमा अझै मसलाको प्राकृतिक पुनरुत्पादन र फैलावट देखिएको छैन । तथापि, यसको खेती गरिएका तराईका विभिन्न जिल्लाका जमिनमा सुख्खापन बढाएको स्थानीयहरू बताउँछन् ।

कति मिचाहा प्रजाति हाम्रा औषधि भएका छन्, कति घाँस त कति शोभायमान वनस्पति अनि कति काठ दाउरा । तर जुन-जुन रुपमा प्रयोग भए पनि ती वनस्पतीहरुले गर्ने हानिको तुलनामा लाभ ज्यादै न्यून हो । अध्ययनहरुका अनुसार, पूर्वी नेपाल जसलाई हामी मिचाहा प्रजाति भित्रने द्वार पनि भन्छौं, यहाँ यस्ता प्रजाति सबैभन्दा पहिला देखापर्ने गरेको पाइन्छ । त्यसैले यहाँका मानिस यस्ता मिचाहा प्रजातिहरूसँग स्वभावत: छिट्टै अभ्यस्त हुन्छन् ।

पूर्वी नेपालमा कालो बनमारा राम्रो घाँस तथा सोत्तर भए पनि पश्चिम नेपालतिर भर्खर-भर्खर देखापर्न थालेको यस वनस्पतिले गर्दा थुप्रै रैथाने घाँस तथा जडिबुटीहरु हराएको स्थानीयहरु सुनाउँछन् । योसँगै कालो बनमारा धेरै खाँदा वस्तुको आन्द्रा कमजोर हुने र मासु समेत तितो हुने किसानको अनुभव छ । त्यसैगरी जलकुम्भीले पोखरी लगायतका सिमसारमा बस्ने जलचर प्राणीका लागि पानीमा अक्सिजनको मात्रा घटाउनुका साथै समग्र सिमसारको स्वास्थ्यमा नकारात्मक परिवर्तन गरिदिन्छ । जलकुम्भी प्रकोपको असर पोखराका फेवाताल लगायतका तालहरुमा सहजै देख्न सकिन्छ ।

हामीले विदेशी विमानस्थलहरुमा हाम्रा झोलामा भएका वनस्पतिका फूल, फल वा अन्य जीवित वस्तुहरुको खानतलासी गर्ने, नष्ट गरि दिने र बोकेर हिँड्नेलाई कारबाही गरेको देखेका छौं । त्यसको मुख्य उद्देश्य नै यस्ता प्रजातिहरुलाई फैलन नदिनु हो । हाम्रा देशका नाकाहरुमा यस्तो कडा व्यवस्था नभएकै कारण यहाँ मिचाहा प्रजातिहरु भित्रिने र द्रुत गतिमा फैलिरहेका छन् । यसका साथै मानवकै असीमित चाहना अनि विदेशी वस्तुप्रतिको मोहले पनि मिचाहा प्रजाति भित्र्याउनमा ठूलो भूमिका खेल्छन् । हाम्रै रैथाने सुनगाभा र लालीगुँरास फूलको साटो जलकुम्भी अनि जंगली सूर्यमुखी जस्ता आयातित शोभनीय बिरुवा किन चाहिन्थ्यो र !

पूर्वी नेपालको झापा र मोरङ जिल्लामा चार वर्षअघि मात्र रेकर्ड गरिएको उल्टा काँडा नामक मिचाहा वनस्पतीलाई त कुनै परियोजनाले नदी कटानको समस्या हल गर्न स्थानीय सामुदायिक वनलाई वितरण गरेको जानकारहरु बताउँछन् । वातावरणीय प्रभावलाई बेवास्ता गरी सीमित र क्षणिक लाभलाई केन्द्रमा राखेर मिचाहा प्रजातिको प्रवर्द्धन गर्नु ठूलो मुर्खता हुनेछ । एक पटक वाह्य प्रजातिहरु स्थापित भएर मिचाहा भए भने त्यसले ठूलो आर्थिक तथा वातावरणीय क्षति पुऱ्याउँछ । जुन कुरा नेपाल र बाहिर गरिएका अध्ययनहरुले स्थापित गरेको छ । त्यसैले अहिलेको अवस्थामा मिचाहा प्रजातिबाट पाइने क्षणिक सुविधालाई सर्वोपरी ठानी, यिनीहरुको उचित व्यवस्थापनप्रति हामी सचेत नहुने हो भने कालान्तरमा ठूलो मूल्य चुकाउन पर्ने निश्चित छ ।

त्यस कारण, वाह्य मिचाहा प्रजातिको उचित बुझाइ र प्रभावकारी व्यवस्थापनका लागि यसका फाइदा र बेफाइदाहरुलाई समावेश गर्ने एकीकृत दृष्टिकोण अत्यावश्यक छ । साथै वाह्य मिचाहा प्रजातिको नकारात्मक प्रभावको बारेमा, यसले वातावरण र जैविक विविधतामा पार्ने हानिको बारेमा किसानदेखि टिकटक बनाउनेसम्म जनचेतना जगाउन आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# शिक्षित बेरोजगारको चपेटामा नेपाल

✍ सागर घले

चर्चित चलचित्र निर्देशक तथा कवि उपेन्द्र सुब्बाले आफ्नो एउटा कवितामा लेखेका थिए, 'बाबुले दु:ख पाए नपढेर, मैले दु:ख पाएँ पढेर ।' ठ्याक्कै यही कुरामा मेल खाने परिस्थिति सृजना भएको छ हाम्रो समाज र देश । उच्च शिक्षा हासिल गरेपश्चात् आत्मनिर्भर बन्छु, रोजगार बन्छु, पैसा कमाउँछु, साथै परिवारको आर्थिक अवस्था बलियो बनाउँछु भन्ने धारणा वर्तमान अवस्थामा हामी नेपालीका लागि भ्रममा परिमार्जन हुन थालेको छ । देश यति बेला अराजकताको भुमरीमा फसेको छ । युवा पलायन दैनिकको संख्यामा उकालो लाग्दै छ । कर्मचारीतन्त्र हावी हुँदै गएको छ । भ्रष्टाचार मौलाएको छ । राजनीतिक उथलपुथल जारी छ । अर्थतन्त्रलाई कुपोषणले छोएको छ ।

साथै हाम्रो शिक्षा प्रणालीले शिक्षालाई रोजगारसँग जोड्न सकेन । अहिले नेपालका विभिन्न पत्रपत्रिका, चियाअड्डा, पोड्कास्टदेखि सामाजिक सञ्जालका भित्तामा यी दुखेसोहरु दिनदिनै पढिरहेका छौं, सुनिरहेका छौं अनि भोगिरहेका पनि छौं । १२ कक्षा सकेर विदेश पढ्न जाने कुरा त अहिले सामान्य बनिसकेको छ तर ब्याचलर र मास्टरजस्तो उच्च शिक्षा हासिल गरी कुनै पनि रोजगारका लागि सक्षम बनिसकेको विद्यार्थीवर्ग पालैपालो देश छाड्दै गर्नु भनेको अत्यन्तै गम्भीर विषय हो ।

यो स्थितिले देशको अर्थतन्त्रलाई कुपोषणतिर धकेल्दै छ भन्ने कुरा हाम्रा सरोकार वालाहरुलाई थाहा नभएको भने हैन । युवावर्ग विदेशिनु भनेको देशमा रेमिट्यान्स भित्रनु हो, रेमिट्यान्स भित्रनु भनेको देशको अर्थतन्त्र अब्बल हुनु हो भन्ने रुढिवादी सोचमा अझै पनि हाम्रो सरकार अड्किएको छ । आर्थिक वर्ष २०८०/८१ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट एक लाख १२ हजार ५ सय ९३ जनाले विदेश अध्ययनका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएका छन् । मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षमा यो संख्या एक लाख १० हजार २ सय १७ थियो । विश्वलाई नै आतंकित बनाएको कोभिड-१९ महामारीका कारण सन् २०२०/०२१ मा यो संख्या २७ हजार ९ सय र २०७६/०७७ मा ३४ हजार ९६ मा झरेको भए पनि त्यसयता क्रम बढ्दै गएको छ । सन् २०१८/०१९ मा यो संख्या ६ हजार ३ सय ९५ थियो । हाल दैनिक ५ सय विद्यार्थीले एनओसी लिन्छन् । यस तथ्याङ्कका आधारमा वार्षिक एक लाखभन्दा बढी विद्यार्थी अध्ययनका लागि विदेश जाने गरेको अनुमान छ ।

नेपालमा शिक्षित बेरोजगारीको सामाजिक प्रभाव गहिरिँदै गएको यसै तथ्यांक साक्षी छ । बेरोजगार भएका शिक्षित युवाहरूको संख्या बढ्दो छ । औपचारिक शिक्षा प्राप्त गर्ने युवाहरूको बढ्दो संख्याको बाबजुद श्रमबजारले उनीहरूलाई समायोजन गर्न असमर्थ रहेको पाइन्छ । यसले गर्दा युवाहरुमा निराशा र युवा पलायन निम्त्याइरहेको छ । नेपालमा शिक्षित बेरोजगार तथ्याङ्क मात्र होइन यो एक महत्वपूर्ण मुद्दा हो, जसले सम्पूर्ण पुस्ताको भविष्यलाई असर गर्छ । देशले शिक्षामा उल्लेखनीय फड्को मारेको भए तापनि अबको चुनौती शिक्षालाई रोजगारसँग जोड्न नसक्नु हो भन्ने स्पष्ट छ । यदि नेपालले शिक्षा र रोजगारीबीचको खाडललाई कम गर्न सक्छ भने, यसले आफ्ना शिक्षित युवाहरूको आत्मनिर्भर, आर्थिक वृद्धि र सामाजिक परिवर्तनको क्षमतालाई उपयोग गर्न सक्छ ।

उच्च शिक्षा हासिल गरेको युवा पनि बेरोजगारी हुनुपर्ने परिस्थिति सृजना हुनुको एक प्रमुख कारक स्नातकहरूले प्राप्त गर्ने सीपहरू र श्रमबजारमा मागमा रहेका सीपहरूबीचको मिसम्याचलाई लिन सकिन्छ । द्रुतरूपमा विकसित विश्वव्यापी अर्थतन्त्रमा नेपालको शैक्षिक प्रणाली जुन अझै पनि धेरै हदसम्म परम्परागत छ । व्यावहारिकभन्दा किताबी ज्ञानलाई प्राथमिकता दिने परम्परागत चलन अझै पनि हाम्रो शिक्षा प्रणालीमा अल्झिएको छ । नेपालको शैक्षिक प्रणालीले व्यावहारिक सीप वा व्यावसायिक तालिमभन्दा शैक्षिक योग्यतालाई प्राथमिकता दिन्छ । फलस्वरूप, धेरै स्नातकहरूसँग प्राविधिक विशेषज्ञता वा रोजगारदाताहरूलाई आवश्यक पर्ने अनुभवको अभाव हुन्छ । यसले शिक्षा र रोजगारीको बीचमा ठूलो खाडल निम्त्याएको छ । नेपालमा मनसुनको खेती भनसुनको जागिर भनेजस्तै परिस्थिति सृजना भएको छ । राम्रोलाई भन्दा हाम्रोलाई प्राथमिकता दिने, दक्षता नहेरी नातागोता अनुसार जागिरमा लगाउने, पदीय दुरुपयोग गरी आफ्नो नजिकको नाता पर्ने जो-कोहीलाई पनि छान्ने प्रक्रियाले आज सामान्य नागरिक डिग्रीसहित बेरोजगारको सिकार भएका छन् ।

वर्षौं लगाएर हासिल गरेको शिक्षाले पनि काम नपाएको निराशासँगै युवाहरु यी अनुभूति लिएर वैदेशिक रोजगारीका लागि देश छोड्न आतुर छन् । काठमाडौं विश्वविद्यालयको एक अध्ययनअनुसार नेपालमा धेरै युवाले रोजगारीको अवसर नहुँदा असुरक्षा र चिन्ताको अनुभव गर्ने गरेको पाइएको छ । नेपाली युवाले देश छाड्नुको मुख्य कारण भनेको राम्रो रोजगारी र आर्थिक स्थायित्वको खोजी नै होरु । बलियो अर्थतन्त्र र थप रोजगारीका अवसर भएका देशमा जाँदा उनीहरूले स्थिर रोजगारी खोज्ने र उच्च आय-आर्जन गर्ने सम्भावना हुन्छरु ।

राम्रो भविष्यको आकांक्षाले उनीहरूलाई विदेशी भूमिमा अवसर खोज्न प्रेरित गर्छरु । स्वदेशभित्र काम नहुनु, भए पनि नातावाद, कृपावादले गर्दा आफ्नो क्षमता र योग्यताको कदर नहुनु, वृत्ति विकासका अवसर निकै कम हुनुजस्ता कारणले गर्दा पनि नेपाली युवा विदेश पलायन भइरहेका छन्रु । धेरै युवा व्यावसायिक विकास, सीप वृद्धि र नयाँ अनुभवका लागि पनि विदेश जान्छन् । यसबाहेक, शिक्षित बेरोजगारीले सामाजिक असमानतालाई बढाइरहेको छ । शहरमा बस्ने शिक्षित युवाहरूले बेरोजगारीसँग संघर्ष गरिरहेका छन् भने ग्रामीण भेगका युवाहरु गरिबीको चक्रलाई निरन्तरता दिने गुणस्तरीय शिक्षा, डिजिटल स्रोत र रोजगारीका अवसरहरूमा सीमित पहुँचजस्ता अतिरिक्त बाधाहरूसँग सामना गरिरहेको पाइन्छ ।

अन्य बाहिरी देशमा हेर्ने हो भने उद्यमशील बन्छु, कृषि गर्छु भन्ने युवा तथा विद्यार्थीलाई सरकारले जमिन उपलब्ध गराउनुका साथै सहुलियतपूर्ण ब्याजदरमा कर्जासमेत उपलब्ध गराइदिन्छ । त्यति मात्र होइन, ट्याक्समा पनि विशेष छुट दिइन्छ । तर विडम्बना, कृषिप्रधान देश मानिएको नेपालमा अहिलेसम्म सरकारले संघीय कृषि ऐन पारित गर्नसमेत हिचकिचाइरहेको छ । नेपालमा शिक्षित बेरोजगारीको समस्या समाधान गर्न बहुआयामिक दृष्टिकोण चाहिन्छ । पहिलो, सीपमा आधारित तालिम र व्यावहारिक अनुभवहरूमा बढी ध्यान केन्द्रित गर्न शिक्षा प्रणालीमा सुधार गर्नु महत्वपूर्ण छ । व्यावसायिक तालिम, प्राविधिक शिक्षा र डिजिटल साक्षरतामा जोड दिनुपर्छ, जुन क्षेत्रहरू आधुनिक रोजगार बजारमा बढ्दो सान्दर्भिक छन् ।

दोस्रो, अर्थतन्त्रको आवश्यकता अनुरूप रोजगारीका अवसरहरू सिर्जना गर्न सरकार र निजी क्षेत्रले अझ नजिकबाट सहकार्य गर्नुपर्छ । यसमा टेक्नोलोजी, नवीकरणीय ऊर्जा, पर्यटनजस्ता क्षेत्रहरूलाई प्रवर्द्धन गर्नुपर्छ । नेपालले आन्तरिकरूपमा आकर्षक रोजगारीका अवसरहरू सिर्जना गरेर आफ्नो आप्रवासन समस्यालाई सम्बोधन गर्नुपर्छ । वैदेशिक रोजगार धेरैका लागि जीवनरेखा भएको भए तापनि दिगो राष्ट्रिय विकासका लागि नेपालले शिक्षित युवाहरूलाई देशमा बसेर काम गर्ने वातावरण बनाउन महत्वपूर्ण देखिन्छ । सरकारले युवाहरुका लागि थप रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारी र निजी क्षेत्रहरूले प्रविधि, नवीकरणीय ऊर्जा, पर्यटन र स्वास्थ्य सेवाजस्ता उदीयमान क्षेत्रहरूमा रोजगारी सिर्जनामा ध्यान केन्द्रित गर्नुपर्छ । सार्वजनिक-निजी साझेदारीको सहजीकरण र पूर्वाधार सुधारले लाखौं रोजगारी सिर्जना गर्न सक्छ ।

नीतिगत स्तरमा सरकारले शिक्षित बेरोजगारलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्छ । रोजगारी सृजनालाई प्रवर्द्धन गर्ने, साना तथा मझौला उद्यमहरूलाई समर्थन गर्ने र शिक्षित व्यक्तिहरूलाई काममा लगाउन उद्योगहरूलाई प्रोत्साहन गर्ने नीतिहरू कार्यान्वयन गर्दा बेरोजगारीको बोझ कम गर्न मद्दत पुग्छ । थपरूपमा, प्रविधि, नवीकरणीय ऊर्जा, पर्यटनजस्ता विकास र रोजगारी सृजनाको उच्च सम्भावना भएका क्षेत्रमा लगानी गर्दा शिक्षित जनशक्तिका लागि रोजगारीका नयाँ बाटोहरू खोल्न सकिन्छ । नेपालमा शिक्षित बेरोजगारलाई सम्बोधन गर्न शैक्षिक संस्थाहरू, सरकार र व्यक्तिहरू आफैँबाट एकजुट प्रयास आवश्यक छ । उद्यमशीलताको संस्कृतिलाई बढावा दिएर, शिक्षालाई उद्योगको आवश्यकतासँग मिलाएर, सहयोगी नीतिहरू लागू गरेर, करियर मार्गदर्शन सेवाहरू बढाएर, शिक्षित बेरोजगारीको समस्यालाई प्रभावकारीरूपमा नियन्त्रण गर्न सकिन्छ र थप समृद्धिका लागि मार्गप्रशस्त गर्न सकिन्छ ।

क्रमश: पृष्ठ-३....

# निर्माण शुरु भएपछि रोकियो एमसीसी




काठमाडौं/तीनवटा सबस्टेसन तथा १८ किलोमिटर प्रसारण लाइनको ठेक्का लागेर भौतिक निर्माणसमेत शुरु भइसकेको अवस्थामा एमसीसीले नेपाललाई दिने अनुदान तीन महिनाका लागि स्थगित गरेको छ ।

एमसीसीले नेपाल सरकारलाई २ फागुन २०८१ मा इमेल गरी वैदेशिक सहायता पुनर्मूल्यांकन तथा पुनर्संरचना गर्ने डोनाल्ड ट्रम्पको २० जनावरी २०२५ को कार्यकारी आदेश अनुसार ९० दिनका लागि एमसीसीबाट हुने खर्च स्थगन गर्न भनेको अर्थ मन्त्रालयका वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुख धनीराम शर्माले जानकारी दिए । यो आदेशपछि अब एमसीसीको अनुदानमाथि दायित्व सृजना हुने गरी ९० दिनसम्म कुनै काम नहुने उनले बताए ।

एमसीसी परियोजनाअन्तर्गत बन्ने प्रसारण लाइन तथा सबस्टेसनको भौतिक निर्माणको काम शुरु भइसकेको छ । एमसीए नेपालले गत १९ मंसिरमा नवलपरासी जिल्लामा न्यून बुटवल गोरखपुर प्रसारण लाइन निर्माणस्थलमा भूप्राविधिक परीक्षण शुरु गरेको थियो ।

यो प्रसारण लाइनमा पर्ने टावर निर्माण गर्न जग्गाप्राप्तिको प्रक्रिया सम्पन्न भई मुआब्जा वितरण पनि शुरु भइसकेको छ । नेपाल भारत क्रसबोर्डर प्रसारण लाइनको निर्माण तत्काल गर्नुपर्ने भएकाले यसलाई विशेष प्राथमिकतामा राख्दै एमसीएले ठेक्का सम्झौता तथा निर्माण शुरु पनि फास्टट्र्याकमा गरेको हो ।

यो प्रसारण लाइन १२ करोड ३६ लाख अमेरिकी डलरमा २१ महिनामा सम्पन्न गर्ने गरी भारतको भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग गरिएको छ । गत १४ भदौमा यो सम्झौता भएको हो । साथै, चार सय केभीकै तीनवटा सबस्टेसनको समेत ठेक्का सम्झौता भइसकेको छ ।

यी तीनवटा सबस्टेसन निर्माणको काम पनि अघि बढिसकेको एमसीए नेपाल स्रोतले जानकारी दिएको छ । एमसीए नेपालले तनहुँको दमौलीमा ४०० केभी क्षमताको नयाँ दमौली सबस्टेसन निर्माण गर्न भारतको टेक्नोइलेक्ट्रिक एन्ड इन्जिनियरिङ लिमिटेडसँग १६ साउन २०८१ मा ठेक्का सम्झौता गरेको छ ।

यो कम्पनीसँग ३ करोड ८८ लाख अमेरिकी डलर (करिब ५ अर्ब १६ करोड रुपैयाँ) मा सबस्टेसन निर्माण गर्ने गरी सम्झौता भएको हो । त्यसअघि नुवाकोटको रातमाटे सबस्टेसन निर्माणका लागि पनि यही कम्पनीसँग ५ करोड ६० लाख डलरमा ठेक्का लागेको छ । त्यस्तै, ४०० केभी न्यु-बुटवल सबस्टेसनको निर्माण गर्न लिंकसन इन्डिया प्रालिसँग ठेक्का सम्झौता भएसकेको छ । यो परियोजना ३ करोड ९७ लाख अमेरिकी डलर (करिब सवा ५ अर्ब रुपैयाँ) मा यो ठेक्का लागेको हो ।

यसका साथै, एमसिए नेपालले एमसिए साझेदारी कार्यक्रम अन्तर्गत विद्युत् प्रणाली सुधार र विस्तारका लागि १४ मंसिर २०८१ मा वाइबा इन्फ्राटेक प्रा.लि. सँग सम्झौता गरेको छ । एमसिए साझेदारी कार्यक्रमअन्तर्गतको यो परियोजनाले आयोजना प्रभावित समुदायमा विद्युतीकरण तथा क्षमता विस्तारको काम गर्ने छ । ४० लाख डलरमा यो सम्झौता भएको हो । बाँकी २९७ किमि प्रसारण लाइन निर्माणका लागि एमसीएले १२ मंसिर २०८१ मा बोलपत्र आह्वान गरेको छ ।

त्यसअघि कुल ३ सय १५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि दुई वर्षअघि आह्वान भएको बोलपत्रमा बोलपत्रदताले हालेको टेन्डरको न्यूनतम् प्रस्ताव नै लागत अनुमानको ६० प्रतिशत महँगो परेपछि २६ असोज ०८० मा सबै प्रक्रिया रद्द गरिएको थियो । प्रसारण लाइन परियोजनाको पुन: मूल्यांकन गरिएकोमा त्यसअघिको छुट्याइएको बजेट अपुग हुने भएपछि अमेरिकी संसदले थप ५ करोड अमेरिकी डलर (करिब ७ अर्ब रुपैयाँ) अनुदान थप्ने प्रस्ताव पारित गरेको थियो ।

५ वर्षमा निर्माण सम्पन्न हुनैपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने प्रकृतिको एमसीए परियोजना गत वर्षको १३ भदौ २०८० बाट कार्यान्वयनमा गएको थियो । परियोजना कार्यान्वयन अर्थात् इन्ट्री इन्टु फोर्समा गएको मितिदेखि काउन्टडाउन सुरु हुन्छ र पाँच वर्षको अवधिमा खर्च नभएको रकम अमेरिकाले फिर्ता लैजान्छ । त्यसअनुसार अब ३ वर्ष ६ महिना ९ दिनभित्र परियोजना सम्पन्न भइसक्नुपर्छ ।

अहिले स्थगित भए पनि यो परियोजना पुन: शुरु हुने सम्भावना उच्च रहेको उच्च राजनीतिक तथा प्रशासनिक स्रोतहरु बताउँछन् । एमसीसीको ५५ करोड अनुदान प्रतिबद्धतामध्ये सन् २०२३ र २०२४ मा गरेर ४७ क।रोड १३ लाख डलर (करिब ६६ अर्ब रुपैयाँ)को दायित्व सृजना भइसकेको अमेरिकाको फरेन असिस्टेन्स डट जीओभीले जनाएको छ ।

अर्कोतिर, एमसीए नेपालले यो परियोजनामा नेपाल सरकारको पनि योगदान रहेकाले यसलाई निरन्तरता दिनुपर्ने भनेर अनुरोधपत्र पठाइएको पनि स्रोतले जनायो । यो कम्प्याक्ट दुवै देशको संसदले पारित गरेकाले सन्धि नै रहेको र त्यसलाई बीचमा स्थगित गर्न नमिल्ने भन्दै एमसीए नेपालले यसअघि नै ‘जस्टिफिकेसन’ पठाइसकेको स्रोतले जनायो ।

**ट्रम्पले जितेपछि थपिएको थियो पौने सात अर्ब अनुदान**

राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भइसकेपछि गत १९ पुसमा एमसीसीले नेपालमा दिने अनुदान ५ करोड अमेरिकी डलर (करिब ६ अर्ब ८५ करोड रुपैयाँ) ले बढाउने निर्णय अमेरिकी संसदले गरेको थियो । एमसीसीले ५ करोड डलर अनुदान बढाएपछि यस अन्तर्गतका परियोजना कार्यान्वयनमा कुल ७४ करोड ७० लाख अमेरिकी डलर (करिब १ खर्ब २ अर्ब रुपैयाँ) पुगेको छ ।

अमेरिकी सहयोग नियोग एमसीसीको अनुदानमा प्रसारण लाइन र सडक पूर्वाधार बनाउने गरी २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच सम्झौता (कम्प्याक्ट) मा हस्ताक्षर भएको थियो ।त्यसबेला एमसीसीले नेपाललाई ५० करोड डलर अनुदान उपलब्ध गराउने विषय उल्लेख थियो । तर, त्यो सम्झौता कार्यान्वयन गर्ने विषयमा नेपालमा लामो समयसम्म राजनीतिक तहमा विवाद भएपछि कम्प्याक्टलाई नेपालको संसदले अनुमोदन गर्न साढे ४ वर्षभन्दा बढी समय लाग्यो ।

१५ फागुन २०७८ मा मात्रै नेपालको संसदबाट व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट अनुमोदन भयो । र, सम्झौता भएको ६ वर्षपछि १३ भदौ २०८० बाट एमसीसी परियोजना कार्यान्वयनमा गएको छ । एमसीए नेपालले २८ नोभेम्बर २०२२ मा ट्रान्समिसन लाइनको ठेक्का प्रक्रिया सुरु गरेको थियो । तर, सबैभन्दा सस्तो बोलपत्र प्रस्ताव नै लागत अनुमानभन्दा ६० प्रतिशत महँगो भएपछि एमसीए नेपालले ठेक्का प्रक्रिया रद्द गरेर दोस्रो पटक पुन: बोलपत्र आह्वान गरेको छ ।

तर, एमसीसी सम्झौता र कार्यान्वयन सुरु (इन्ट्री इन्टु फोर्स) बीच ६ वर्षको समयमा विश्व परिस्थितिमा निकै ठूला अवरोध आएकाले परियोजना लागत बढ्न सक्ने नेपाल सरकार, एमसीए नेपाल र एमसीसीले स्वीकार गरेको अवस्थामा अनुदान थप गर्नुपरेको एमसीसीले कंग्रेसमा बुझाएको सूचनामा उल्लेख छ ।

एमसीसीले प्रसारण लाइनको पुरानो ठेक्का रद्द गरेपछि डिजाइन परिवर्तन तथा लागत घटाउने अन्य उपाय अपनाएर नयाँ बोलपत्र आह्वान गरेको छ । यसपटक आह्वान भएको बोलपत्र पनि लागतकै कारण पुन: रद्द गर्नु नपरोस र एमसीए नेपालले समयमै ठेक्का सम्झौता गरी थप विलम्बविना परियोजना कार्यान्वयन अघि बढाउन सकोस भनेर अनुदान बढाइएको एमसीसीले जनाएको छ ।

एमसीसी अनुदान परियोजना कार्यान्वयनका लागि नेपाल सरकारले सुरुमा १३ करोड अमेरिकी डलर योगदान गर्ने सम्झौता भएको थियो । तर, एमसीसी परियोजनाको लागत बढ्ने भएपछि नेपालले २०२३ मे मा थप ६ करोड ७० लाख रुपैयाँ लगानी बढाउने प्रतिबद्धता गरिसकेको छ । यसरी नेपालले गर्ने कुल योगदान रकम १९ करोड ७० लाख डलर भएको छ ।

एमसीसी अनुदानमा ३ सय १५ किलोमिटर ४ सय केभीको प्रसारण लाइन र तीनवटा ४०० केभीका सबस्टेसन निर्माण हुँदैछन् । यसअघि प्रसारण लाइन निर्माणमा २३ करोड ४५ लाख अमेरिकी डलर लागत अनुमान गरिएकोमा त्यसमा ५ करोड डलर थपेपछि त्यो २८ करोड ४५ लाख डलर (करिब ३९ अर्ब रुपैयाँ) पुग्नेछ । त्यस्तै, सबस्टेसन निर्माणमा ९ करोड ९० लाख (करिब साढे १३ अर्ब रुपैयाँ) र सडक मर्मतसम्भारमा ५ करोड २३ लाख डलर (७ अर्ब १६ करोड रुपैयाँ) खर्च हुने अनुमान गरिएको छ ।

**एमसीसी के हो ?**

एमसीसी अमेरिकाको वैदेशिक सहायता गर्ने एजेन्सी हो । यसले खासगरी गरिबी न्यूनीकरणका लागि काम गर्छ । यसको स्थापना अमेरिकी कंग्रेसले सन २००४ मा गरेको थियो । एमसीसीले अवधि तोकिएका अनुदान कार्यक्रमलाई सहयोग गर्छ, ती आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, संस्थागत सुदृढीकरणसँग सम्बन्धित हुन्छन् । ‘यसले साझेदार मुलुकमा स्थायित्व र समृद्धि ल्याउने मात्रै होइन, अमेरिकी स्वार्थ बढाउने काम पनि गर्छ,’ एमसीसीले आफ्नो परिचयमा उल्लेख गरेको छ ।

नेपालमा भने सन २०११ देखि एमसीसीले चासो दिएको हो । २०१४ मा एमसीसीले आफ्नो कार्यक्रमका लागि नेपाललाई ‘योग्य’ भनेर छनोट गरेको थियो । त्यसपछि नेपालको निरन्तरको पहलपछि अमेरिकाले एमसीसी मार्फत ५० करोड डलर अनुदान दिने निर्णय गरेको हो ।

अमेरिकी सरकारले पनि ५ करोड डलर अनुदान थपेपछि परियोजनाको कुल लागत ७४ करोड ७० लाख डलर (१ खर्ब २ अर्ब ३४ करोड रुपैयाँ) पुग्ने भएको छ । यो नेपाल सरकारले कार्यान्वयन गर्ने कार्यक्रम हो । यो कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारले एक कार्यालय खोलेको छ, जसलाई ‘मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल’ (एमसीए-नेपाल) भनिन्छ । यो विकास समिति ऐन २०१३ अन्तर्गत गठन आदेशमार्फत स्थापना भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालको इज्जत जोगाउन प्रधानमन्त्रीलाई नीताको आग्रह




काठमाडौं/भारतको केआईआईटी कलेजमा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु प्रकरणलाई लिएर अभिनेत्री नीता ढुंगानाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपालको इज्जत जोगाउन आग्रह गरेकी छन् । मंगलबार फेसबुकमा स्टाटस लेख्दै उनले उक्त घटनामा नेपालको बेइज्जत गरिएको र त्यसको जिम्मेवारी कांग्रेस, एमाले र माओवादीले लिनुपर्ने कि नपर्ने भनेर समेत प्रश्न गरेकी छन् ।

उनी लेख्छिन्, ‘भर्खरै भारतको एउटा विद्यालयमा एउटा नेपाली चेलीलाई हामीले गुमाउनु पर्‍यो, धेरै नेपाली विद्यार्थीहरूलाई त्यहाँबाट कुटपिट गरेर निकालिएको छ । उक्त विश्वविद्यालय व्यवस्थापन समितिकी अध्यक्षले नेपाली विद्यार्थीको न्यायको मागको अपहेलना गर्दै प्रतिकार गर्ने क्रममा विद्यालयको बजेट जति तिमीहरुको देशको राष्ट्रिय बजेट पनि छैन भनेर नेपालको बेइज्जत गरेकी रहिछन् । अन्तर्राष्ट्रिय मञ्चमा कहिलेसम्म यस्तै बेइज्जत हामीले खेपिरहनु पर्ने हो ?’

नीताले नेपालमाथि लगाइएको आरोप यथार्थ रहेको पनि जनाएकी छन् । उनी अगाडि लेख्छिन्, ‘लगभग यो आरोप यथार्थ पनि हो । नेपालको यो हालत कसले बनायो ? केही वर्षदेखि नेपालको शासक तपाईंहरु कांग्रेस, एमाले, माओवादी । अब यो बेइज्जतको जिम्मेवारी तपाईंहरुले लिनुपर्ने कि नपर्ने ? बिन्ती छ, नेपालको इज्जत जोगाइदिनुस् । नेपाली जनताको भावना बुझिदिनुस् ।’

प्रधानमन्त्री ओलीको तस्वीर राख्दै नीताले कुनै बेला केपी शर्मा ओली जस्तै प्रधानमन्त्री हुनुपर्छ भनेर ठाँटले भन्न सक्ने आफू अहिले ‘कन्फ्यूजन’मा रहेको पनि बताएकी छन् । अचेल फोटो खिच्ने र खिचाउने बाहेक प्रधानमन्त्री ओलीको अरु काम नदेखिएको उनको भनाइ छ । उनले प्रधानमन्त्रीसँग प्रत्यक्ष भेटेर मनमा गढेर बसेका धेरै प्रश्नहरु गर्न मन रहेको पनि स्टाटसमा उल्लेख गरेकी छन् ।

# ‘लाज शरणम्’को प्रचारप्रसार नगर्न अदालतको आदेश



काठमाडौं/यही फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘लाज शरणम्’को प्रचारप्रसार सामाजिक संजाल र संचारमाध्यममा नगर्न उच्च अदालत पाटनले अन्तरिम आदेश जारी गरेको छ । पूर्व श्रममन्त्री मोहम्मद आफ्ताब आलमले दायर गरेको मुद्धामा मंगलबार भएको प्रारम्भिक सुनुवाईपछि न्यायाधीशद्वय लालबहादुर कुवँर र हेमन्त रावलको संयुक्त इजलासले उक्त आदेश दिएको हो ।

अदालतको आदेशमा भनिएको छ, ‘निवेदकको संविधान कानून प्रदत्त हक अधिकारमा आघात परेको अवस्था भए अनुमति दिने क्रममा सपठीत ऐनको दफा ८ (३) बमोजिम केन्द्रीय चलचित्र जाँच समितिले अनुमति नदिई रोक्न सक्ने नै देखिँदा सो अगावै निवेदकको मुखाकृति र आवरणसँग हुबहु मिल्ने गरि पात्रले अभिनय गरेको प्रस्तावित ‘लाज शरणम्’ नामक चलचित्रको विज्ञापन सामाजिक संजाल तथा अन्य सार्वजनिक संचारमाध्यममा प्रचार प्रसार र सो सम्बन्धी पोस्टहरु प्रकाशन, प्रसारण नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (३) बमोजिम अन्तरिम आदेश जारी गरि दिएको छ ।’

अदालतले केन्द्रीय चलचित्र जाँच समितिले अनुमति नदिँदासम्म फिल्मको प्रचारप्रसार गर्न र प्रचार सामग्री सार्वजनिक गर्न रोक लगाएको हो । बुधबार फिल्मको ट्रेलर सार्वजनिक गर्ने तयारीमा निर्माण टिम थियो । तर, अदालतको आदेशसँगै ट्रेलर रिलिज रोकिने भएको छ । अब निर्मातालाई जति सक्दो चाँडो फिल्मको सेन्सर गराउनुपर्ने बाध्यता सिर्जना भएको छ ।

फिल्मको पोस्टर सार्वजनिक भएसँगै कलाकार सिताराम कट्टेलको गेटअप पूर्वमन्त्री आलमसँग मिलेको चर्चा भएको थियो । अन्तत: यो विषय अदालत नै प्रवेश गरेको छ । आलमले अदालतमा दायर गरेको मुद्धामा फिल्ममा आफ्नो अनुहारसँग मिल्ने मुखाकृति, पहिरन, जीउडाल, कपाल मिलाई शैली, हाउभाउ र लवज आफ्नो अनुमतिबिना प्रयोग गरिएको आरोप लगाइएको छ ।

कुमार कट्टेलको निर्देशनमा तयार भएको फिल्ममा सितारामसहित विजय बराल, अर्जुन घिमिरे, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा, माला लिम्बू, सागर लम्साल, हरिष निरौला, कमलमणि नेपाललगायतको अभिनय छ । फिल्ममा नवीन श्रेष्ठ निर्माता तथा राम नरेश साह र सृजना खड्का सह-निर्माताको रूपमा रहेका छन् । यसको छायांकन सुदीप बरालले गरेका हुन् ।

# दल बनिनसक्दै नेकपा एसमा गुट झगडा

काठमाडौं/८-९ फागुनमा बोलाइएको नेकपा एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकमा दशौं राष्ट्रिय महाधिवेशनको समीक्षा पनि छलफलको एजेण्डा बन्दैछ । सोमबार बसेको स्थायी कमिटी बैठकमा छलफल भएर अगाडि बढेको यो एजेण्डा पोलिटब्यूरोबाट अनुमोदन गरेर केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरिनेछ ।

प्रचार विभाग प्रमुख प्रकाश ज्वालाका अनुसार पार्टी अध्यक्ष माधवकुमार नेपालको राजनीतिक प्रतिवेदन, महासचिव घनश्याम भूसालको ‘आन्दोलनबाट पार्टी निर्माणको कार्यदिशा’ सँगै महाधिवेशनको समीक्षा पनि छलफलको एजेण्डा बनाइन लागेको हो । ‘अलिक ढिलो त भयो, तर महाधिवेशनको समीक्षा गर्नै पर्यो नि’, उनी भन्छन् ।

अर्थात् दशौं महाधिवेशन भएको ८ महिनापछि एकीकृत समाजवादीले त्यसको समीक्षा गर्दैछ । गत असार तेस्रो साता काठमाडौंमा दशौं महाधिवेशन सम्पन्न भएको थियो । तर त्यो महाधिवेशनको समीक्षा अहिले बैठकको एजेण्डा बन्नुले एकीकृत समाजवादीभित्र कुन तहको अलमल छ भन्ने अनुमान लगाउन सकिन्छ । र, यो अलमलको मुख्य कारण नेताहरूबीच रहेको अन्तरसंघर्ष नै हो । यदि पार्टी नेतृत्व र संगठनात्मक पकड हत्याउने स्वार्थमा नेताहरू हुन्थेनन् भने एकीकृत समाजवादीको निर्णय प्रक्रिया धेरै अघि बढिसक्ने थियो ।

तर एकीकृत समाजवादीका नेताहरू भर्खर विभागीय जिम्मेवारी पाउने अवस्थासम्म पुगेका छन् । गत १४ माघमा अध्यक्ष माधवकुमार नेपालले अन्तरपार्टी निर्देशन-४ जारी गरेर नेताहरुको जिम्मेवारी बाँडफाँट गरेका छन् । पार्टी काम बाँडफाँट गर्न पठाएको यद्यपि त्यही अपानिले पार्टीभित्र अरू समस्या निम्त्याएको छ । पार्टीका प्रमुख जनसंगठन युवा संघ नेपाल र अनेरोस्ववियूको विवाद अपानिकै कारण छताछुल्ल भएको छ ।

आइतबार, ५ फागुनमा अनेरास्ववियूमा समानान्तर कमिटी घोषणा गर्ने तयारी थियो । त्यो भेलाका प्रमुख अतिथि थिए, पूर्वप्रधानमन्त्री झलनाथ खनाल । तर उनै खनालले छुट्टै ब्यानर प्रयोग र समानान्तर कमिटी घोषणा गर्न रोके । सम्मानित नेता खनालले समानान्तर नेतृत्व बनाउनुपर्ने अवस्था आउन नदिन पार्टीको केन्द्रीय कमिटी बैठकमा कुरा राख्ने बताएका छन् । यो समस्या अपानिकै कारण सतहमा आएको हो । अपानि जारी गर्दा पार्टी अध्यक्ष माधवकुमार नेपालले युवा संघ नेपाल र अनेरास्ववियूको नेतृत्वलाई हटाएका थिए । युवा संघ नेपालका अध्यक्ष कृष्ण विश्वकर्मा र अनेरास्ववियूका अध्यक्ष आरती लामालाई पदमुक्त गरिएपछि यी दुवै संगठनभित्र विवाद चर्केको छ ।

विद्यार्थी इन्चार्ज बनेकी रामकुमारी झाँक्रीले महेश श्रेष्ठको अध्यक्षतामा अनेरास्ववियूको पदाधिकारी घोषणा गरेकी छन् । तर अपानिबाटै हटाइएकी आरती लामा पक्षधर विद्यार्थीहरू श्रेष्ठलाई अध्यक्ष मानेर पदाधिकारी स्वीकारेका छैनन् । उनीहरू समानान्तर संगठनको तयारीमै छन् । ‘झलनाथ कमरेडले भन्नुभएर हामीले समान्तर कमिटी घोषणा रोकेका हौं । पार्टीले निर्णय सच्याएन भने १२ गते घोषणा हुन्छ’, लामा भन्छिन् । अनेरास्ववियूमा जस्तै युवा संघ नेपालमा पनि असन्तुष्टि छ । अपानिबाटै अध्यक्ष पद गुमेपछि विश्वकर्मा र लामाले सार्वजनिक रूपमै असन्तुष्टि जनाइरहेका छन् । तर युवा संघ इन्चार्जको जिम्मेवारी पाएका लक्ष्मण केसीले कुनैपनि औपचारिक निर्णय लिएका छैनन् ।

युवा संघको नेतृत्व चयन गर्ने सहितको जिम्मेवारी पाएका केसीले औपचारिक निर्णय लिनासाथ यहाँ पनि विवाद बढ्ने देखिन्छ । किनकि युवा र विद्यार्थीको समस्या पार्टीभित्रकै अन्तरसंघर्षसँग जोडिएको छ । अपानिबाट हटाइएका विश्वकर्मा र लामा संस्थापन इतर पक्षका हुन् । उनीहरू पहिले झलनाथ खनालसँग नजिक थिए भने दशौं महाधिवेशनमा महासचिव घनश्याम भूसालको पक्षमा उभिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# शिक्षित बेरोजगारको...

केही देशहरूले अनुसन्धान र विकास क्षेत्रमा ठूलो लगानी गर्न नवप्रवर्तन चलाउन र उच्च-दक्ष रोजगारीका अवसरहरू सिर्जना गर्छन् । प्रविधि, स्वास्थ्य सेवा, नवीकरणीय ऊर्जाजस्ता उद्योगहरूलाई समर्थन गरेर, यी राष्ट्रहरूले उनीहरूको शिक्षित कार्यबलको क्षमताको दोहन गर्ने र उन्नत शिक्षा आवश्यक पर्ने विशेष भूमिकाहरू सिर्जना गरेर बेरोजगारलाई सम्बोधन गर्ने लक्ष्य राख्छन् ।

जर्मनीमा एक सफल व्यावसायिक शिक्षा र प्रशिक्षण प्रणाली छ, जसलाई ‘दोहोरो प्रणाली’ भनिन्छ, जसले कक्षाकोठा शिक्षालाई कार्यस्थलमा ह्यान्ड्स-अन प्रशिक्षणसँग जोड्छ । यस प्रणालीले विद्यार्थीलाई अध्ययन गर्दा व्यावहारिक सीपहरू प्राप्त गर्ने, उनीहरूलाई विभिन्न उद्योगहरूमा उच्च रोजगारी बनाएको पाइन्छ । नेपालले व्यावसायिक शिक्षालाई सुदृढ गर्दै र उद्योग साझेदारी प्रवर्द्धन गरी यस्तै पहलहरू अपनाउनुपर्ने देखिन्छ ।

सिंगापुरले आफ्नो ‘स्किल्स फ्युचर’ कार्यक्रममार्फत आजीवन सिकाइ र सीपको स्तरोन्नतिमा ध्यान केन्द्रित गरेको पाइन्छ, जसले नागरिकहरूलाई प्रशिक्षण र सीप विकासका लागि अनुदानहरू प्रदान गर्दछ । यस पहलले कामदारहरूमा बजारको बदलिँदो मागअनुरूप आफ्ना सीपहरू निरन्तर विकास र सुनिश्चित गर्न मद्दत गर्छ । दक्षिण कोरियाले उच्च-दक्ष जनशक्ति सिर्जना गर्न प्रविधि र नवीनतामा ठूलो लगानी गरेको छ । आईटी, इलेक्ट्रोनिक्स र इन्जिनियरिङ क्षेत्रहरूमा ध्यान केन्द्रित गरेर, उनीहरु आफ्नो शिक्षित युवाहरुका लागि रोजगारी सिर्जना गर्न सक्षम भएका छन् । नेपालले सूचना प्रविधि, नवीकरणीय ऊर्जा, जैविक प्रविधिजस्ता क्षेत्रहरूलाई प्रवर्द्धन गरेर त्यसलाई पछ्याउन सक्नुपर्छ ।

त्यस्तै छिमेकी मुलुक भारत पनि शैक्षिक बेरोजगारबाट अछूतो छैन भन्न सकिन्न । यसै कुरालाई मध्यनजर गर्दै लाखौं युवाहरूलाई व्यावसायिक सीपमा प्रशिक्षित गर्न र शिक्षा र रोजगारी बीचको खाडललाई कम गर्न राष्ट्रिय सीप विकास मिसन शुरु गरेको छ । अन्त्यमा शिक्षित बेरोजगारी नेपालको लागि अध्यन नपुगेको क्षेत्र हो भन्न सकिन्छ । हाम्रो सरकार युवा पलायन र रेमिट्यान्सको ग्राफ हेरेर मख्ख परी बसेको छ ।

अबको बाटो भनेको नेपाली बजारको मागसँग तालमेल मिलाउन शिक्षा प्रणालीमा सुधार गरेर, सीप विकासलाई प्रवर्द्धन गरेर, सार्वजनिक-निजी साझेदारी मार्फत रोजगारी सृजना गरी नेपालले यो समस्या समाधान गर्न सक्छ । जर्मनी, सिंगापुर, दक्षिण कोरिया, भारतजस्ता अन्तर्राष्ट्रिय उदाहरणहरूबाट सिकेर अन्य राष्ट्रहरूले कसरी शिक्षित बेरोजगारीको चुनौतीलाई प्रभावकारीरूपमा सामना गरेका छन् भन्ने कुरालाई उदाहरण बनाएर हामी अघि बढ्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# रेशम पात्र मेरो आत्मा हो : विनय श्रेष्ठ

काठमाडौं/अभिनेता विनय श्रेष्ठको करिअरको सम्झनलायक फिल्ममध्येको एक मानिन्छ, ‘रेशम फिलिली’ । यसमा उनको चरित्र सशक्त थियो । उनले रेशम पात्रको भूमिकामा अभिनय गरेका थिए । एकपटक फेरि उनी त्यही भूमिकामा देखिँदैछन्, ‘फेरि रेशम फिलिली’मा । मंगलबार सार्वजनिक भएको ट्रेलर हेर्दा ९ वर्षपछि पनि विनयले रेशम पात्रमा आफूलाई जीवन्त रुपमा रुपान्तरण गरेको देखिन्छ ।

उनले रेशम पात्रलाई आफ्नो आत्मा नै मानेका छन् । यसैले त वर्षौंपछि त्यही पात्रमा ढल्न उनलाई कुनै गाह्रो भएन । न त चरित्रका लागि त्यस्तो केही तयारी गरे । मंगलबार ट्रेलर सार्वजनिक कार्यक्रममा पत्रकारको प्रश्नमा विनयले भने, ‘रेशम पात्र मेरो आत्माको पाटो हो । आफ्नो आत्मासँग टाढा भइन्छ र ? यसैले मैले रेशम पात्र अझै छाड्न सकेको छैन । र, त्यही नै स्क्रिनमा देखिएको हो ।’

‘फेरि रेशम फिलिली’ विनयको झन्डै ७ वर्षपछिको कमब्याक फिल्म हो । उनको पछिल्लो फिल्म ‘रोमियो एन्ड मुना’ सन् २०१८ मा रिलिज भएको थियो । त्यसो त उनी अरु कलाकारजस्तै लगातार फिल्म गर्नेमा पर्दैनन् । करिअरले १३ वर्षको अवधि पूरा गरिसक्दा उनले ‘फेरि रेशम फिलिली’सहित जम्मा चार वटा फिल्ममा काम गरेका छन् । र, हरेक फिल्ममा उनले आफ्नो छाप छाडेका छन् ।

ट्रेलर सार्वजनिक कार्यक्रममा विनयलाई ७ वर्षसम्म फिल्म नगर्नुको कारणबारे पनि प्रश्न गरिएको थियो । त्यसबारेमा उनले ठट्यौली शैलीमा भने, ‘म ‘फेरि रेशम फिलिली’ पर्खिएर बसेको थिएँ ।’ उनलाई फेरि सोधियो, ‘त्यसो भए आगामी फिल्म ‘रेशम फिलिली ३’ हुन्छ ?’ उनले आफ्नो प्राथमिकता सधैं ‘रेशम फिलिली’ नै हुने बताए । चरित्र सुहाउँदो भए अरु फिल्म पनि गर्ने उनको भनाइ छ ।

विनयलाई ‘रेशम फिलिली’को कथा आफ्नो छोरालाई पनि हुने गरी अगाडि बढाउन मन रहेछ । उनले कार्यक्रममा हाँस्दै भने, ‘पछि मेरो छोरालाई पनि ‘क्यारी’ हुने गरी ‘रेशम फिलिली’ ल्याउने इच्छा छ । रेशम क्यारेक्टर पाको हुँदै गएपछि त्यो पनि त हुनसक्छ । भविष्यमा जुनियर रेशम र हरिया आउन सक्छ ।’ ‘फेरि रेशम फिलिली’मा विनय कलाकार मात्र नभइ निर्माताको रुपमा पनि छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राससको सम्पादकीय स्वतन्त्रतालाई अझ व्यवस्थित गर्नुपर्छ

साझाकुरा संवाददाता




हेटौंडा, ६ फागुन/राष्ट्रिय समाचार समितिको ६४ औं वार्षिकोत्सवको अवसरमा मंगलबार हेटौंडामा जिम्मेवार पत्रकारिता र राससको भूमिका विषयक अन्तरक्रिया भएको छ ।

मुलुकको सबैभन्दा पुरानो समाचार एजेन्सी राससको बागमती प्रदेश कार्यालयले आयोजना गरेको अन्तरक्रियामा आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द लामिछानेको प्रमुख आतिथ्यता एवम् उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्द कुमार श्रेष्ठको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्ने वक्ताहरुले नेपालको सञ्चार क्षेत्रमा रासससले खेलेको भूमिकाबारे चर्चा गरेका थिए ।

अन्तरक्रियामा बोल्दै पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले विगतमा पत्रकारिता क्षेत्र मर्यादित रहेपनि अहिले सामाजिक सञ्जालको कारण चुनौति थपिएको बताए । सरकारले रासस, गोरखापत्र जस्ता मिडियालाई स्वतन्त्र ढंगले छोड्नुपर्ने उनको भनाई छ । अध्यक्ष अधिकारीले समाजमा नागरिकको लागि पत्रकाारिता गरिने भएकाले रासससमा उत्तरदायी पत्रकारिताको अभ्यास देखिनुपर्ने बताए । राससको सम्पादकीय स्वतन्त्रतालाई अझ व्यवस्थित गर्नुपर्ने उनको सुझाव छ ।

कार्यक्रममा पत्रकार सुरेश श्रेष्ठले रासससले आफैंले आफ्नो कामको समीक्षा गर्नुपर्ने बताए । राससको कारण निजी मिडियामा काम गर्ने सञ्चारकर्मीलाई चुनौती थपिएको उनको भनाई छ । यद्यपि रासससले जति समाचार दिनुपर्ने हो त्यति दिन भने नसकेको उनको बुझाई छ । त्यसैगरी पत्रकार पोष्टराज अधिकारी कुमारले समाजमा लुकेर बसेको विषयवस्तु उठाउन रासस अझै पनि चुकेको बताए । रासससलाई आफ्नो मान्छे भर्ती गर्ने संस्थाको रुपमा लैजान नहुने उनको धारणा छ ।

त्यसैगरी सन्चारिका समूह बागमती प्रदेशका अध्यक्ष सरिता दाहालले रासससले सरकारको पक्षपोषण मात्र गर्न नहुने बताइन् । निजी क्षेत्रका मिडियाको समेत रोलमोडल बन्ने गरी रासस अगाडि बढ्नुपर्ने उनको भनाई छ । रासससले सरकारको मात्र भजन गाउँछ भन्ने गलत भ्रमलाई चिर्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष कमलकुमार विश्वकर्माले आवाजविहिनहरुको आवाज रासससले बोल्नुपर्ने बताए ।

अन्तरक्रियाका प्रमुख अतिथि मन्त्री लामिछानेले भ्रष्टचारको न्यूनीकरण र विकृति, विसंगति अन्त्यको लागि सञ्चारक्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए । मन्त्री लामिछानेले राज्यसंयन्त्रलाई सञ्चारक्षेत्रले निरन्तर खबरदारी गरि रहनुपर्नेमा जोड दिए । सामाजिक सद्भाव र बलियो राष्ट्रिय एकता कायम गर्न सञ्चारक्षेत्र जिम्मेवार भूमिकामा हुनुपर्ने उनको भनाई छ ।

यसको लागि राष्ट्रिय समाचार समितिले खेलेको भूमिका प्रशंसनीय रहेको मन्त्री लामिछाने बताए । मन्त्री लामिछानेले रासससले पहिलो खबर भन्दा पनि सही खबर दिने नीतिलाई आत्मसात गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । पछिल्लो समय एआईले विकृति ल्याएको भन्दै त्यसतर्फ पनि सचेत रहन समेत मन्त्री लामिछानेले आग्रह गरे । कार्यक्रममा राससका बागमती प्रदेश कार्यालयका प्रमुख राजु विश्वकर्माले रासससले उपलब्ध गराउँदै आएको सेवाबारे प्रकाश पारेका थिए ।

# वक्तृत्वकलामा बंशगोपालका सज्जित लामिछाने प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा बंशगोपाल माविका सज्जित लामिछाने प्रथम भएका छन् ।

समूहले अन्तर्राष्ट्रिय सालक दिवसको अवसरमा सालक संरक्षणमा सरोकारवालाको जिम्मेवारी र भूमिका विषयक वक्तृत्वकला प्रतियोगितामा लामिछाने प्रथम भएका हुन् । प्रतियोगितामा सुनगाभा शिक्षा निकेतनकी प्रकृति लामिछानेमगर द्वितीय र बंशगोपाल बहुमुखी क्याम्पसकी पूजा लम्साल तृतीय भएका छन् ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा रुपेश दुलाल र नानीमाया रुम्बाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, सुनौलो आयआर्जन महिला समूहकी अध्यक्ष पवित्रा रुम्वा, समूहकी कोषाध्यक्ष गोमा लामिछाने, कार्यालय सचिव भीमसेन पौडेलगायतको उपस्थिति रहेको थियो ।

# २६ खर्बमा उक्लियो सार्वजनिक ऋण




काठमाडौं/नेपालको सार्वजनिक ऋण २६ खर्ब रुपैयाँभन्दा माथि उक्लिएको छ । यो भनेको कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा ४५.७७ प्रतिशत हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को सात महिना (साउन-माघ) सम्म सार्वजनिक ऋण २६ खर्ब ११ अर्ब ६ करोड पुगेको छ ।

चालु आव सरकारले २ खर्ब ९० अर्ब ५७ करोड रुपैयाँ ऋण लिएको छ । यस अवधिमा १ खर्ब ५० अर्ब २० करोड ऋणको सावाँ भुक्तानी गरिएको छ । विनिमय दरमा आएको परिवर्तनबाट ३६ अर्ब ५९ करोड दायित्व थप हुँदा सात महिनामा खुद सार्वजनिक ऋण १ खर्ब ७६ अर्ब ९६ करोडले बढेको छ ।

यसप्रकार असार मसान्तसम्म २४ खर्ब ३४ अर्ब ९ करोड रुपैयाँ रहेको सार्वजनिक ऋण माघ मसान्तमा २६ खर्ब ११ अर्ब ६ करोड पुगेको हो । माघ मसान्तसम्म आन्तरिक ऋण १२ खर्ब ८२ अर्ब ८१ करोड पुगेको छ । वाहृय ऋण १३ खर्ब २८ अर्ब २५ करोड पुगेको छ । जीडीपीका आधारमा आन्तरिक ऋण र वाहृय ऋण हिस्सा २२.४९ र २३.२८ प्रतिशत छ ।

**लक्ष्यको आधाभन्दा धेरै उठाइयो**

चालु आव सात महिनामा सरकारले वार्षिक लक्ष्यको ५३.१२ प्रतिशत सार्वजनिक ऋण उठाएको छ । यस आवमा ५ खर्ब ४७ अर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य छ । त्यसमध्ये माघ मसान्तसम्म २ खर्ब ९० अर्ब ५७ करोड ऋण उठाइएको छ । यस वर्ष आन्तरिक ऋण लक्ष्यको ६९.४४ प्रतिशत र वाहृय ऋण २८.३१ प्रतिशत छ ।

यस वर्ष सरकारले ३ खर्ब ३० अर्ब बराबर आन्तरिक र २ खर्ब १७ अर्ब बराबर वाहृय ऋण उठाउने लक्ष्य लिएको छ । माघ मसान्तसम्म सरकारले २ खर्ब २९ अर्ब आन्तरिक ऋण उठाएको छ । वाहृय ऋण ६१ अर्ब ४२ करोडमात्र उठेको छ ।

सरकारले आन्तरिक ऋणलाई चालु खर्चमा समेत खर्च गर्नुपर्ने बाध्यता छ । वाहृय ऋण भने पूँजीगत खर्चमा बढी खर्च हुन्छ । सोहीकारण पूँजीगत खर्चको गति बढ्न नसक्दा वाहृय ऋण प्राप्तिसमेत लक्ष्यभन्दा धेरै पछाडि देखिन्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक अनुसार प्रत्येक नेपालीको भागमा ८९ हजार १ सय ८९ रुपैयाँ बराबर सार्वजनिक ऋण पुगेको छ । सार्वजनिक ऋणलाई नेपालको कुल जनसंख्या अनुसार हिसाब गर्दा यो तथ्यांक देखिएको हो ।

**सात महिनामा ऋणको सावाँ-ब्याज तिर्न पौने २ खर्ब**

चालु आव सात महिनामा सरकारले सार्वजनिक ऋणको सावाँ-ब्याज तिर्न पौने २ खर्ब रुपैयाँ खर्च गरेको छ ।

तथ्यांक अनुसार सावाँ भुक्तानीमा १ खर्ब ५० अर्ब २० करोड र ब्याज भुक्तानीमा ३८ अर्ब ५४ करोड गरी कुल १ खर्ब ८८ अर्ब ७५ करोड रुपैयाँ खर्च भएको छ । कार्यालयका अनुसार यस वर्ष आन्तरिक ऋणको सावाँ भुक्तानीमा १ खर्ब २७ अर्ब २४ करोड र ब्याज भुक्तानीमा ३३ अर्ब ४५ करोड खर्च भएको छ ।

वाहृय ऋणको सावाँ भुक्तानीमा २२ अर्ब ९६ करोड र ब्याज भुक्तानीमा ५ अर्ब ९ करोड खर्च भएको कार्यालयले जनाएको छ । सरकारले यस वर्ष सावाँ-ब्याज भुक्तानीमा ४ खर्ब २ अर्ब बजेट राखेको छ । यसमध्ये माघ मसान्तसम्म ४६.८५ प्रतिशत खर्च भएको छ । जीडीपीको दाँजोमा यसबीच भएको ऋण सेवा खर्च ३.३१ प्रतिशत हाराहारी हो ।

**बढ्दो ऋण र उचित खर्च व्यवस्थापन नहुनु मुख्य चिन्ता**

सरकारले हरेक वर्ष लिने ठूलो परिमाणको ऋण र यसलाई पूँजी निर्माण क्षेत्रमा खर्च गर्न नसक्नु मुख्य चिन्ताको विषय हो । अर्थ मन्त्रालय स्वयंले यसलाई स्वीकार गरेको छ । 'केही वर्षदेखि अनपेक्षित रूपमा लक्ष्य अनुसार राजस्व परिचालन हुन नसकेको तथा वैदेशिक अनुदानको अंश घट्दै गएका कारण आन्तरिक ऋण परिचालन हिस्सा बढ्दै गएको हो,' अर्थको बजेट अर्धवार्षिक समिक्षा प्रतिवेदनमा छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदेश खेलकुद विधेयक पारित

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ बागमतीका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले मंगलबार एउटा विधेयक प्रमाणीकरण गरेका छन् ।

प्रदेशसभाबाट पारितभई आएको प्रदेश खेलकुद विकास ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई प्रदेशप्रमुख देवकोटाले प्रमाणीकरण गरेको प्रदेशप्रमुख सचिवालयका प्रवक्ता प्रकाश चौलागाईंले जानकारी दिएका छन् ।

प्रदेशसभाको केहीदिन अघि बसेको बैठकले यो विधेयकको पूर्ण छलफल गरी संशोधनसहित पारित गरिएको थियो ।

# गाजामा युद्धविरामपछि सरकारले इजरायल पठाउन थाल्यो श्रमिक

काठमाडौं/गाजामा युद्धविरामपछि सरकारले दीर्घकालीन स्याहार केन्द्रमा सहायक श्रमिक (केयरगिभर)का लागि नेपाली श्रमिकलाई पुन: इजरायल पठाउन सुरू गरेको छ । केयरगिभरका लागि पहिलो चरणमा छानिएका ९१९ जनामध्ये १३ जना (२ जना पुरुष, ११ जना महिला) मंगलबार श्रम गन्तव्यका लागि इजरायल उडेको वैदेशिक रोजगार विभाग अनुगमन तथा जीटूजी सहजीकरण शाखाका निर्देशक गिरिराज ज्ञवालीले बताए ।

उनले संचारकर्मीसँग भने, 'हामीले इजरायल सरकासँग गरेको सम्झौता बमोजिम आज १३ जना नेपाली श्रमिकलाई दीर्घकालीन स्याहार केन्द्रमा सहायक श्रमिक (केयरगिभरका लागि इजरायल पठाएका छौं। उहाँहरू ५: १५ उडेर भोल ६:५५ मा पुग्नुहुनेछ। '

उनका अनुसार पहिलो चरणमा केयरगिभरका लागि जाने नेपाली श्रमिक ८२ जनाको भिसाको लागेको छ । उनले भने, 'केयरगिभरमा जाने ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष हुनुहुन्छ ।' नेपाल र इजरायलबीच भएको श्रम सम्झौता अनुसार सरकारी संयन्त्रमार्फत दीर्घकालीन स्याहार केन्द्रमा कामदार पठाउन थालेको नेपालस्थित इजरायली दूताबासले जनाएको छ ।

दूतावासका अनुसार दीर्घकालीन स्याहार केन्द्रमा काम गर्ने कामदारहरूको पहिलो समूहलाई आज इजरायल पठाइएको छ। उनीहरूलाई आज नेपालका लागि इजरायली राजदूतखनान गोदेर, वैदेशिक रोजगार विभाग र श्रम मन्त्रालयका प्रतिनिधिहरूले मूलमाला सहित विदाइ गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# प्रेस सेन्टर नेपाल बागमती प्रदेशको अध्यक्षमा अधिकारी



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/प्रेस सेन्टर नेपाल बागमती प्रदेश समितिको अध्यक्ष मकवानपुरका ध्रुव अधिकारी सर्वसम्मत चयन भएका छन् ।

सिन्धुपाल्चोकको सुकुटेमा भएको पाँचौ प्रदेश अधिवेशनले अधिकारीको नेतृत्वमा नयाँ कमिटी निर्माण गरेको हो । अधिकारी पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष समेत हुन् । कमिटीको उपाध्यक्षमा राजन अधिकारी, उपाध्यक्ष समावेशीमा गौतम जिरेल, उपाध्यक्ष महिलामा अन्जली तामाङ चयन भएका छन् । अधिवेशनले महासचिवमा नविन श्रेष्ठलाई चयन गर्दा सचिवहरुमा सुमन गैरे, मणिसुन्दर कोइराला, रोजन तामाङ र भावना रिजाललाई र गम्भिर विकलाई चयन गरेको छ ।

कोषाध्यक्षमा राजेन्द्र गजुरेल चयन हुँदा लेखासंयोजकमा बालगोविन्द न्यौपाने तथा अनुशासन आयोग संयोजकमा मीना श्रेष्ठ चयन भएकी छिन् । समितिको सदस्यहरुमा यादव चौंलागाई, उमेश राई, सरला अधिकारी, रुपा गुरुङलगायत चयन भएका छन् ।


**सटर भाडामा**

हेटौंडा-१०, सुमार्गी कम्प्लेक्स अगाडि मेनरोडमा १ वटा सटर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५१०४०५३५**



**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**सूचना ! सूचना ! सूचना !**

यस हेटौंडा उपमहानगरपालिकाले यस उपमहानगरलाई ट्राफिक व्यवस्थापन चुस्त दुरूस्त राख्ने उद्देश्यले ३ पांग्रे सवारी साधनहरूलाई स्टीकर वितरण गर्दै आएकोमा मिति २०८१/११/०४ गते बसेको ३ पांग्रे सवारी साधन व्यवस्थापन उपसमितिको बैठकको निर्णयानुसार २०७६ साल पौष ७ गते भन्दा अगाडीका मकवानपुर जिल्लाभरको लागि रूट ईजाजत प्राप्त ३ पांग्रे सवारी साधनहरूले यस हेटौंडा उपमहानगरपालिका ३ पांग्रे सवारी साधन व्यवस्थापन इकाई, हेटौंडा -११, थानाभञ्याङमा यही मिति २०८१ फागुन १९ गते भित्र आफ्नो प्रमाण पेश गरी स्टीकरको लागि आवश्यक प्रक्रिया पुरा गरी आवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । मिति २०८१ फागुन २० गते आईतबार अन्तिम पटक स्टीकर वितरण गरिने भएकोले समयमै स्टीकर प्राप्त गर्नु हुन यसै सूचना मार्फत सूचित गरिन्छ साथै सो पश्चात प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

**(३ पांग्रे सवारी साधन व्यवस्थापन ईकाई)**
**हेटौंडा उपमहानगरपालिकाको कार्यालय**



**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**

☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**करार जनशक्ति आवश्यकता सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति:- २०८१/११/६*

यस कार्यालयको स्वीकृत दरबन्दीमा प्रदेश निजामति सेवाको स्थायी कर्मचारी नियुक्ति भई आएमा, कामकाज गर्न वा सरुवा भई हाजिर हुन आएमा वा अन्य कुनै तवरले पदपूर्ति भएमा वा प्रचलित ऐन, नियम, निर्देशिका र प्रदेश सरकार वा संघीय सरकारको कुनै निर्यण अनुसार पद खारेज भएमा दरबन्दी हेरफेर भई उक्त पद नरहेमा वा सेवा करार सम्बन्धी अन्य कुनै निर्देशन आएमा स्वत: नरहने गरी देहाय बमोजिमको पदमा स्वास्थ्यकर्मि करार सेवामा राख्नु पर्ने भएकोले योग्यता नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले कार्यालय समयभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | पद नाम | तह | सेवा समूह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | स्टाफ नर्स | पाचौं | स्वास्थ्य/नर्सिङ्ग | २ | नेपाल सरकारको नियमअनुसार |

**१. योग्यता र अनुभव**

- नेपाली नागरिक
- १८ वर्ष पुरा भएको
- प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र
- स्वास्थ्य क्षेत्रमा अनुभव भएको भए सो को प्रमाण पत्र
- अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको
- दरखास्तमा संलग्न गर्नुपर्ने: व्यक्तिगत विवरण, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरेको सबै प्रतिलिपिको पछाडि उम्मेदवारले स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्ने
- छनोटको प्रकृया:- लिखित परीक्षा वा अन्तरवार्ता वा शैक्षिक योग्यता प्रक्रिया

२. दरखास्त फारम कार्यालयको वेवसाइटमा https://homakawanpur.bagamati.gov.np/ne/ राखिएको छ
३. परीक्षा दस्तुर : ५००/-, सम्पर्क मिति: website and facebook page मा राखिनेछ ।
४. परीक्षा कार्यक्रम: पछि प्रकाशन गरिनेछ । कार्य अवधि: आ.व ०८१/८२ को लागि

(**नोट:** सूचना प्रकाशन भएको मिति ले ७ दिन सम्म फर्म भर्न पाइनेछ ।)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना